# रामधुनी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
भरौला, सुनसरी

☎ ०२५५६२००५

प.स. ०७८।०७९
च.नं. ४४४

**विषय : सामाजिक परिक्षण र सार्बजनिक सुनुवाई गर्ने कार्यका लागि शिलबन्दी प्रस्तावपत्र माँगको सुचना ।**
दोश्रो पटक प्रकाशित मिति २०७८।०७।२९ गते

यस रामधुनी नगरपालिकाले गत आ.ब.२०७७/०७८ मा सञ्चालन गरेको योजना तथा कार्यक्रमको सामाजिक परिक्षणकार्यक्रम र चालु आ.ब. ०७८/०७९ को पहिलो चौमासिक भित्र गरिने सार्बजनिक सुनुवाई समेत गर्ने प्रयोजनको लागी खुल्ला प्रतिष्पर्धाद्धारा संस्था छनौट गर्नु पर्ने भएकोले ईच्छुक योग्य सार्बजनिक सुनुवाई गर्ने संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रहि के कति दर रेटमा गर्न सकिने हो आफुले गर्न सक्ने दर रेट खुलाई शिलबन्दी प्रस्ताव मिति २०७८।०८।०५ गते भित्र यस कार्यालयमा दर्ता हुन यो सुचना प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

१) सामाजिक परिक्षण गर्ने कार्य बापत कर सहित अधिकतम रु. २,००,०००।००(दुई लाख) र प्रथम चौमासिक सार्बजनिक सुनुवाई कार्यक्रमका लागि कर सहित अधिकतम रु.७५०००।००(पचहत्तर हजार) मात्र रहेको छ ।

२) सिलबन्दी प्रस्ताव पत्रका साथ सम्बन्धित सार्बजनिक सुनुवाई गर्ने संस्था दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, करचुक्ता प्रमाण पत्रको प्रतिलिपी तथा नियमानुसारका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपी समेत संलग्न राखि प्रस्ताव पत्र पेश गर्नु पर्ने छ ।

३) सामाजिक परिक्षण गर्ने संस्था र सार्बजनिक सुनुवाई गर्ने संस्थाले आफ्नो प्रस्तावपत्र सिलबन्दि गरि मिति २०७८।०८।०५ गते दिनको १२:०० बजे सम्म यस नगरपालिकाको कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ । रितपुर्बक प्राप्त हुन आएका प्रस्तावहरु सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ । उल्लेखित मितिमा सार्बजनिक बिदा पर्न गएमा सो को भोलीपल्ट दर्ता वा खोल्ने कार्य गरिने छ ।

४) सामाजिक परिक्षण गर्ने संस्था र सार्बजनिक सुनुवाई गर्ने संस्थाले रामधुनी नगरपालिकाको सामाजिक परिक्षण कार्य बिधि २०७६ र सार्बजनिक सुनुवाई कार्यबिधि २०७६ मा ब्यबस्था भए अनुसार गर्नु पर्ने छ ।

५) तोकिएको समय अबधि भित्र कार्यालय समय भित्रमा प्राप्त हुन नआएमा तथा रित पुरा नगरी प्राप्त हुन आएको प्रस्तावपत्र उपर कुनै कारवाही हुने छैन ।

६) प्रस्ताव पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रामधुनी नगरपालिकामा सुरक्षित रहनेछ ।

७) प्रस्ताव पत्रको साथमा आफ्नो अनुभवको प्रमाण पत्र, सक्कल प्राबिधिक पक्षहरुको विवरण तथा अन्य यससँग सम्बन्धित विवरण पेश गर्ने संस्थालाई बिशेष प्राथमिकता दिईने छ ।

८) अन्य सम्पुर्ण कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

९) अन्य केही कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र ०२५-५६२००५ मा सम्पर्क गर्न सकिने छ ।

२०७८/०७/२३

**प्रमुख प्रशासकिय अधिकृत**
**रामधुनी नगरपालिका**